माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर चितवन
बागमती प्रदेश, नेपाल
२०७३

**मिति २०८० पौष २० गतेको २५ औं कार्यपालिका बैठकका निर्णयहरु:**

१) अघिल्लो कार्यपालिका वैठकले गरेका निणर्यहरुको कार्यान्वयनका सम्वन्धमा बैठकमा छलफल गरियो साथै उक्त निर्णयहरु पूर्णरुपमा कार्यान्वयन भएको जानकारी गराइयो ।

२) चालु आ व को लागि विनियोजन ऐनले व्यवस्था गरेका विभिन्न योजना तथा कार्यक्रमहरु विविध कारणवाट संसोधन तथा थप गर्नका लागि विभिन्न विषयगत समिति, शाखा तथा वडा कार्यालयहरुवाट सिफारिस भइ आए बमोजिम विधेयक समितिवाट सिफारिस भई आएको विनियोजन ऐन २०८० लाई संशोधन गर्न बनेको विधेयक २०८० निर्णयार्थ कार्यपालिकामा पेश गर्ने ।

३) माडी नगरपालिकाको विभिन्न ऐनहरुमा समयानुकुल संशोधन गर्न विधेयक समितिवाट सिफारिस भइ आएको नगर शिक्षा ऐन २०७७, जनस्वास्थ्य ऐन २०७७ तथा आर्थिक ऐन २०८० लाई संशोधन गर्न बनेको विधेयक २०८० नगरसभामा पेश गर्ने ।

४) चालु आ.व का योजनाहरु कार्यान्वयन गर्ने क्रममा उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाको सम्झौता अवधि २०८० मंसिर मसान्त सम्म तोकिएकोमा अझैपनि केहि योजनाहरु सम्झौता गर्न बाँकी देखिएको हुँदा अन्तिम पटकको लागि २०८० माघ मसान्त सम्म म्याद थप गर्ने र सो अवधि सम्म पनि सम्झौताको लागि नआएका योजनाहरु यो आ व मा कार्यान्वयन नगर्ने ।

५) यस नगरपालिकाका नगरसभा सदस्य जिवलाल लुइटेलको मोटरसाइकल दुर्घटनामा परि असामयीक मृत्यु भएको हुँदा निजको क्रिया खर्च वापत रु २५००० निजको पत्निलाई विपद व्यवस्थापन शिर्षकवाट भुक्तानी गर्ने तथा दाहसंस्कार गर्दाको खर्च रु २५००० आर्थिक सहायता शिर्षकवाट भुक्तानी गर्ने ।

६) जितिया पर्व लगायत छनौट र सम्झौताका आधारमा संस्कृति प्रवर्द्धन कार्यक्रम शिर्षकवाट तपशिल वमोजिमका कार्य गर्नको लागि कार्यादेश प्रदान गर्ने :

| | |
|---|---|
| क) थारु कल्याणकारी सभा, खिचरा महोत्सव | रु ३,००,००० |
| ख) बैकुण्ठे मेला व्यवस्थापन | रु १,००,००० |

७) जिल्ला ट्राफिक प्रहरी कार्यालय भरतपुर चितवनको मिति २०८०।९।११ को पत्रवाट माग भएका सवारी व्यवस्थापन सँग सम्वन्धि सामाग्रीहरु विपद व्यवस्थापन शिर्षकवाट खरिद गरि सम्वन्धित कार्यालयलाई प्रदान गर्ने ।

निर्णय प्रमाणित
२०८०।९।२०
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

८) स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९ मा भएको व्यवस्था बमोजिम माडी नगरपालिका धार्मिक तथा पर्यटनका लागि प्रचुर संभावना भएको, ऐतिहासिक, पुरातात्विक महत्व, कला संस्कृति तथा राष्ट्रिय निकुञ्ज र जंगलबाट चारैतिर घेरिएको, होमस्टे लगायतका अन्य पर्यटकीय सौन्दर्यता भएको क्षेत्र रहेको हुँदा यस नगरपालिकालाई पर्यटकीय क्षेत्र घोषणा गर्न प्रदेश सभामा अनुरोध गर्ने प्रयोजनार्थ नगरसभामा पेश गर्ने ।

९) संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, श्रोत परिचालन समन्वय शाखाको मिति २०८०।९।५ च.नं. ३१ को पत्रवाट यस माडी नगरपालिका पनि नव प्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रममा सूचिकृत भएको हुँदा सो कार्यक्रममा यस नगरपालिकालाई पनि सहभागी गराइदिन अनुरोध गर्ने तथा नगरपालिकाको तर्फवाट गर्नुपर्ने लागत साझेदारीको लागि बजेट व्यवस्थापन गरिने हुँदा सो को लागि प्रतिवद्धता जाहेर गर्ने ।

१०) यस नगरपालिकाको वित्तिय साक्षरता रणनीति बनाउनको लागि सुरक्षित आप्रवासन परियोजनाले आर्थिक तथा प्राविधिक सहयोग गर्न तत्परता देखाएकोले सो कार्यको लागि आवश्यक सहजिकरण गर्ने ।

तारा कुमारी कार्की
नगर प्रमुख

निर्णय प्रमाणित
२०८०।९।२०
प्रमुख प्रशासकीय अधिकृत

CamScanner